आज मिति २०७७।०९।१५ गते बुधबार यस हिलिहाङ गाउँपालिकाको कार्यालय, पंचमी पाँचथरका अध्यक्ष श्री भूवानी प्रसाद लिङदेन ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा यस आ.व को छैंटौ कार्यपालिका बैठक द्वारा तल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहायनुसारका निर्णयहरु पारित गरियो।

**उपस्थिति :**

१. अध्यक्ष : श्री भूवानी प्रसाद लिङदेन ..........................................................................
२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेढाई ..........................................................................
३. वडा अध्यक्ष : श्री गोपीकृष्ण भण्डारी ..........................................................................
४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ..........................................................................
५. वडा अध्यक्ष : श्री मदन गौतम ..........................................................................
६. वडा अध्यक्ष : श्री श्रीप्रसाद सिगु ..........................................................................
७. वडा अध्यक्ष : श्री लक्ष्मी प्रसाद सुहाङ ..........................................................................
८. वडा अध्यक्ष : श्री कृष्ण वा यवा ..........................................................................
९. वडा अध्यक्ष : श्री तिलबिक्रम ईधिङगो ..........................................................................
१०. का पा सदस्य श्री कामुदा गुरुङ ..........................................................................
११. का पा सदस्य श्री मेनुका देवी बजगाई ..........................................................................
१२. का पा सदस्य श्री माया कन्दङवा ..........................................................................
१३. का पा सदस्य श्री विष्णुकला उभरकोटी ..........................................................................
१४. का पा सदस्य श्री टिकाराम धमला ..........................................................................
१५. का पा सदस्य श्री दुर्गामाया परियार ..........................................................................
१६. सदस्य सचिव श्री बिक्रम लिम्बु ..........................................................................

**अन्य उपस्थिति :-**

१७. आर्थिक प्रशासन शाखा प्रमुख श्री सुवास भट्टराई..........................................................................
१८. योजना तथा प्रशासन शाखा प्रमुख श्री दुर्गा प्रसाद तिमसिना..........................................................................
१९. स्वास्थ्य संयोजक श्री चन्द्र प्रसाद शर्मा घिमिरे ..........................................................................

**प्रस्तावहरु :-**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, आदेश, निर्देशन तथा मागपत्रहरुको जानकारी सम्बन्धमा ।

२. आगामी आ व को संघिय समपूरक तथा विशेष अनुदानबाट सञ्चालित आयोजना/कार्यक्रम छनौट सम्बन्धमा ।

३. पन्ध्र शैयाको आधारभूत अस्पताल भवन निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन DPR सम्बन्धमा ।

४. गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन DPR सम्बन्धमा ।

५. हिलिहाङ गाउँपालिकाको जोरपोखरी स्थित नागरिक आरोग्य केन्द्र स्थापनाको व्यवस्थापन गर्ने सम्बन्धमा ।

६. आवश्यक प्राविधिक कर्मचारीहरुको नियुक्ती सम्बन्धमा ।

७. लैंगिक हिंसा निवारण कोषको स्थापना र उद्धार तथा राहत समिति गठन सम्बन्धमा ।

८. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको सम्बन्धमा ।

९. स्वास्थ्य क्षेत्रसँग सम्बन्धित विविध विषयहरुको सम्बन्धमा ।

१०. चौमासिक प्रगति विवरण सम्बन्धमा ।

११. प्रधानमन्त्री रोजगार कार्यक्रमको सशर्त अनुदान रकम बाँडफाँड सम्बन्धमा ।

१२. राष्ट्रिय ग्रामिण तथा नवीकरणीय उर्जा कार्यक्रम संघिय सशर्त अनुदान सम्बन्धमा ।

१३. विधालयहरुको जीर्ण भवन भत्काउने सम्बन्धमा ।

१४. बिविध ।

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हालसम्म प्राप्त भएका तपसिल अनुसारका निर्देशन, परिपत्र तथा मागहरु यस कार्यपालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृत द्वारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो । उक्त महत्वपूर्ण विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमद्वारा सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो ।

तपसिल

| पठाउने निकाय | विषय | मिति | पत्रको व्यहोरा |
|---|---|---|---|
| स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | आधारभूत अस्पताल निर्माण सम्बन्धी परिपत्र सम्बन्धमा | २०७७।०८।२३ | अस्पताल भवन निर्माणको टेण्डर आव्हान २०७७ पुष मसान्तभित्र गर्नुपर्ने अन्यथा सशर्त अनुदान नआउने । |
| भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ विराटनगर | कोभिड १९ का कारण विदेशबाट फर्किई कृषि व्यवसाय सञ्चालन गर्न ईच्छुकको विवरण उपलब्ध गराईदिने सम्बन्धमा । | २०७७। ०८।१४ | कोभिड १९ का कारण विदेशबाट फर्किएका नेपाली नागरिकहरुलाई प्रदेश प्रमुख नव प्रवर्तन कार्यक्रममा सहभागी हुन विवरण माग गरिएको |
| नेपाल सरकार राष्ट्रिय योजना आयोग | स्थानीय तहमा आ व २०७८।७९ का लागि संघिय समपूरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना | २०७७।०८।३० | स्थानीय तहबाट आ व २०७८/७९ मा कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको लागि संघिय समपुरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालन हुने आयोजना/कार्यक्रम प्रस्तावसहित विवरणहरु तयार गरी २०७७ पुष मसान्तभित्र राष्ट्रिय योजना आयोगको यससम्बन्धी विधुतीय प्रणालीमार्फत मात्र माग गर्न सूचना प्रकाशित गरिएको छ । |
| जिल्ला समन्वय समितिको कार्यालय पाँचथर | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको योजना विवरण पठाईएको बारे । | २०७७।०८।२५ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम २०७७ बमोजिम चालु आ व २०७७।७८ मा सञ्चालनका लागि यस गाउँपालिकालाई २ वटा आयोजनाहरु छनोट भएको । सुभाङ खोला साम्ब्रे सिंचाई आयोजना का लागि रु १५ लाख र जोरपोखरी ग्रामिण विधुत सहकारी संस्था भवनका लागि रु २५ लाख स्विकृत भएको । |
| श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पूर्वाधार विभाग | सडकहरुको तथ्याङक संकलन सम्बन्धमा । | २०७७।०८।२६ | यस विभागले स्थानीय तहका सरकारको क्षेत्राधिकारभित्र पर्ने सडक पूर्वाधारहरुको एकिकृत तथ्याङक संकलन प्रशोधन र विकास गरी आवश्यकता अनुसार सम्पूर्ण सार्वजनिक निकायलाई उपलब्ध गराउने लक्ष्य राखेको हुँदा संलग्न फाराम अनुसार तहाँ स्थानीय तहसँग सम्बन्धित सडकहरुको विवरण २०७७ पुष मसान्त भित्र उपलब्ध गराउनु पर्ने । |
| सडक बोर्ड नेपाल, मिनभवन, काठमाण्डौ । | आर्थिक वर्ष २०७७।७८ को स्विकृत बजेट सम्बन्धमा | २०७७।०८।१४ | चालु आ व २०७७।७८ मा स्थानीय सडक मर्मत संभार कार्यको लागि विनियोजित बजेट रु एक अर्व तीस करोड मध्ये यस गाउँपालिकालाई रु सात लाख बजेट बाँडफाँड भई आएको । यसरी स्विकृत बजेट कार्यान्वयन गर्दा यस बोर्डको सडक मर्मत संभार कार्यक्रम कार्यान्वयन मार्गदर्शन पालना गरी सडक बोर्ड नियमावली २०६० को नियम ९ बमोजिम व्यहोर्नुपर्ने समपुरक (matching fund) समेत समावेश गरी ढिलोमा फाल्गुण मसान्त भित्र बार्षिक कार्यक्रम स्विकृत गरी सहमतिको लागि पेश गर्नुपर्ने र बोर्डबाट सहमति लिएपश्चात मात्र पूर्ण जिम्मेवारीका साथ मार्गदर्शनको अधिनमा रही कार्यक्रम सञ्चालन सम्पन्न गरि निकाशा लिने । |
| वन तथा भू संरक्षण विभाग | स्थानीय तहसँगको साझेदारीमा सहरी वन विकास कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना | २०७७।०८।२१ | प्रस्तावित आयोजनाको लागि कुल लागतको कम्तिमा ३० प्रतिशत लागत साझेदारी सम्बन्धित स्थानीय तहले व्यहोर्ने गरी प्रस्ताव सहित यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले २१ दिनभित्र वन तथा भु संरक्षण विभागमा शिलबन्दी परियोजना प्रस्ताव पेश गर्नहुन । |
| जीवनाथ पाठक मार्फत जिल्ला प्रशासन कार्यालय पाँचथर | सार्वजनिक स्थलको पाटी पोवा वर पिपल भत्काई बाटो निर्माण कार्यलाई रोक लगाई पाउँ । | २०७७।०८।१९ | |

| | | | |
|---|---|---|---|
| श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा | स्थानीय तहमा कोष र समिति स्थापना सम्बन्धमा। | २०७७।०९।०१ | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्ति दिलाउने र शिक्षा स्वास्थ्य रोजगारी र सामाजिक सुरक्षामा विशेष अवसरहरु द्वारा लैंगिक समानता कायम गर्ने व्यवस्थाका लागि संचालनमा रहेको लैंगिक हिंसा निवारण कोष संचालन नियमावली २०७६ बमोजिम स्थानीय तहले लैंगिक हिंसा निवारण कोष र तत्काल उद्धार तथा राहत समिति गठन गर्ने व्यवस्था रहेको छ। |
| श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा | सिफारिस कार्यान्वयन गर्ने गराउने सम्बन्धमा। | २०७७।०९।०२ | राष्ट्रिय मानव अधिकार आयोग र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले नेपालको संविधानको धारा २४९ र राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा ४ बाट प्राप्त कार्यादेश बमोजिम यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायहरुको मानव अधिकारको अवस्था सम्बन्धी सवालहरुलाई स्थानीय सरकारले कार्यान्वयन गर्नुपर्ने। |
| कृषि तथा पशुपन्छी विकास मन्त्रालय | पदपूर्ति सम्बन्धमा | २०७७।०९।०२ | स्विकृत संगठन संरचना अनुसार नेपाल कृषि सेवामा स्थानीय तहको कुल ७७२४ दरबन्दी मध्ये ६२३ दरबन्दी मात्र समायोजन भई बाँकी रहेको र पशुपन्छी तर्फको स्थानीय तहको कुल ४७१२ दरबन्दी मध्ये १२०० कर्मचारी समायोजन भई बाँकी पदपूर्ति हुन बाँकी रहन गएकोले प्रदेश लोकसेवा आयोगमा माग आकृति फाराम पठाई स्थायी पदपूर्तिका लागि आवश्यक प्रकृया अघि बढाउने। |
| सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय तह समन्वय शाखा | भूमि बैंक संचालन सम्बन्धमा | २०७७।०९।०१ | चालु आ व को बजेट वक्तव्यको बुँदा नं १०५ मा ३०० स्थानीय तहमा भूमि बैंक स्थापना गरिने विषय उल्लेख भएको सबैलाई विदितै छ। यस आ व मा भूमि बैंक स्थापना गरिने स्थानीय तहहरु मन्त्रालयले स्विकृत गरेको छनोट विधि बमोजिम निर्धारण गरिने भएकोले सो प्रयोजनको निमित्त यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र आपनो स्थानीय तहको विवरण भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयमा पठाउने। |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र फिदिम पाँचथर | आवश्यक व्यवस्थापन सम्बन्धमा | २०७७।०९।०८ | आरोग्य केन्द्र स्थापनाको लागि आवश्यक भोतिक पूर्वाधार कार्यालय तथा सेवा सञ्चालनको लागि आवश्यक सामाग्री, औजार उपकरण, फर्निचर लगायतको व्यवस्थापन सम्बन्धमा। |
| अख्तियार दुरुपयोग अनुषन्धान आयोगको कार्यालय | निर्णय कार्यान्वयन सम्बन्धमा | २०७७।०८।२९ | गाउँपालिकाले heavy equipment हरुको दररेट निर्धारण गर्दा मेशिनको ईन्धन खपत मेशिनको आयु भोगोलिक अवस्था जिल्ला दररेट लगायतका सुचकलाई ध्यानमा राखी बैज्ञानिक दररेट कायम गरी प्रतिष्पर्धाबाट निर्माण कार्य गर्न गराउन |
| भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय | भूमि सम्बन्धी नियमावली (अठारौं संसोधन) कार्यान्वयन सम्बन्धमा | २०७७।०९।०७ | भूमि सम्बन्धी नियमावली अठारो संसोधन २०७७ नेपाल सरकार मन्त्रीपरिषद बाट पारित भई मिति २०७७।०९।०७ गतेको नेपाल राजपत्रमा प्रकाशन समेत भईसकेकोले भूमिको द्वैध स्वामित्व अन्त्य, जग्गाको हदबन्दी व्यवस्थापन तथा भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी व्यवस्थापन जस्ता कार्य सम्पादन गर्न भूमि सम्बन्धी नियमावलीको अठारो संसोधन २०७७ ले व्यवस्था गरेका प्रकृयाहरु कार्यान्वयन गर्ने सन्दर्भमा स्थानीय तहहरुको महत्वपूर्ण भूमिकामा सो को कार्यान्वयनमा सहजीकरण गरिदिन हुन। |
| श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम | प्रधानमन्त्री रोजगार कार्यक्रमको सशर्त अनुदान रकम बाँडफाँट सम्बन्धमा। | २०७७।०९।१३ | प्र म रो का को सशर्त अनुदान रकम तपसिलमा उल्लेखित बमोजिमका प्रकृया पुरा गरी कार्यान्वयन एवं खर्च गर्नुहुन साथै यसको प्रगति विवरण EMIS मार्फत नियमित संप्रेषण हुन। |
| सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय तह समन्वय शाखा | बहुक्षेत्रीय पोषण कार्यक्रमको बजेट सीमा तथा मार्गदर्शन सम्बन्धमा। | २०७७।०९।०५ | चालु आ व २०७७/७८ मा यस कार्यालयका लागि बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन गर्न पोषण संवेदनशील कार्यक्रमहरु संचालनका लागि रु २० लाख र पोषण विशेष कार्यक्रम संचालनका लागि रु १ लाख ४९ हजार बजेट सीमा रहेकोले संलग्न मार्गदर्शन अनुसार बार्षिक कार्यक्रम तयार गरी कार्यक्रम कार्यान्वयन गरी नियमित प्रगति प्रतिवेदन पठाउने। |
| श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत श्रमिकहरुको सामुहिक दुर्घटना बीमा सम्बन्धमा। | २०७७।०९।०९ | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार व्यवस्थापन सूचना प्रणाली EMIS मा सूचिकृत भएकामध्ये रोजगारीमा खटिने २ लाख श्रमिकहरुको सामुहिक कार्यस्थल दुर्घटना बीमा गर्ने सम्बन्धमा मिति २०७७।०९।०१ मा यस मन्त्रालय र राष्ट्रिय बीमा कम्पनी लिमिटेड बिचमा सम्झोता सम्पन्न भएको छ। मिति २०७७ पुष १ देखी २०७८ असार मसान्तसम्म अवधि कायम रहने गरी EMIS मा सूचिकृत भएकामध्ये रोजगारीमा खटिने २ लाख श्रमिकको काममा खटाईएको १०० दिनको अवधिको मात्र सामुहिक कार्यस्थल दुर्घटना बीमा गरिएको हो। |

| | | | |
|---|---|---|---|
| शिखर नेपाल प्रा लि का. म. न. पा. १३ काठमाण्डो। | दोस्रो राष्ट्रिय शिखर कर्षक अवार्ड २०७७ सम्बन्धमा। | २०७७।०९।१२ | कृषकहरुको प्रोत्साहन बढाउन सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा मिति २०७७ फाल्गुण २९ गते शनिवारका दिन सम्पन्न हुने दोस्रो राष्ट्रिय शिखर कृषक अवार्ड २०७७ का लागि मुलुकभरका व्यवसायिक कृषकहरुको महामहोत्सवमा हामी जुटेका छौ। सो अवार्ड समारोहमा प्रत्येक प्रदेशबाट सात विधाका ४९ जना उत्कृष्ट कृषकलाई अवार्ड तथा ५१००० रुपैयाँ नगद पुरस्कार सहित सम्मान गरिने भएकाले सक्रिय प्रतिवद्ध व्यवसायिक कृषि उत्पादकहरु जो कृषिवस्तु उत्पादन पशुपन्छि पालन मत्स्यपालन फलफुल तथा तरकारी उत्पादनमा समर्पित भएकाहरुको जानकारी दिनहुन। |
| | | | |
| कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग | उन्नत बीउमा कृषकहरुलाई अनुदान कार्यक्रम | २०७७।०९।१२ | उक्त कार्यक्रम सञ्चालनार्थ तहाँ स्थानीय तहको कृषि शाखमा कार्यरत सम्पर्क व्यक्तिको विवरण पठाईदिन हुन। |

**निर्णय नं. - २**

क) आर्थिक वर्ष २०७८/७९ मा सञ्चालन हुने संघिय समपुरक अनुदान आयोजना तथा कार्यक्रमहरुको सम्बन्धमा यस गाउँपालिकाको देहाय बमोजिमका आयोजनाहरु छनौट गरि प्रस्ताव आव्हान गर्ने र आगामी आर्थिक वर्ष २०७८/७९ मा प्रस्तावित आयोजनाहरुको कुल लागत अनुमानको ५० प्रतिशत रकम गाउँपालिकाले सुनिश्चित गर्ने निर्णय गरियो।

निम्न

| सि न | आयोजनाको क्षेत्र | आयोजनाको नाम | कुल लागत अनुमान | गाउँपालिकाले व्यहोर्ने रकम (आगामी आ व) |
|---|---|---|---|---|
| १ | सुशासन तथा अन्य क्षेत्र | १ न वडाकार्यालयको प्रशासकीय भवन | ४,२३,११,५०९।५६ | कुल लागत अनुमानको ५०% |
| | | ५ न वडाकार्यालयको प्रशासकीय भवन | ४,०५,३५,५५१।१३ | कुल लागत अनुमानको ५०% |
| | | ७ न वडाकार्यालयको प्रशासकीय भवन | ४,०५,३५,५५१।१३ | कुल लागत अनुमानको ५०% |
| २ | सुशासन क्षेत्र | गाउँपालिकाको प्रशासकीय भवन निर्माण आयोजना | ९,००,००,०००/- | कुल लागत अनुमानको ५०% |
| ३ | आर्थिक क्षेत्र | प्यागोडा शैलीको हिलिहाङ दरबार निर्माण आयोजना | ५,४५,४७,९५७/- | कुल लागत अनुमानको ५०% |

**निर्णय नं. - ३**

पन्ध्र शैयाको आधारभूत अस्पताल भवन निर्माणका लागि आवश्यक विस्तृत परियोजना प्रतिवेदन DPR निर्माणका लागि आवश्यक लागत अनुमान रु १५,००,०००/- गाउँपालिकाको समपुरक कोषबाट बजेट सुनिश्चित गर्ने निर्णय गरियो।

**निर्णय नं.- ४**

हिलिहाङ गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि प्राप्त भएको १५ रोपनी जग्गामा विस्तृत परियोजना प्रतिवेदन DPR निर्माण र माटो परिक्षण कार्यका लागि आवश्यक लागत अनुमान रकम रु १५,००,००० (अक्षरेपी रु पन्ध्र लाख मात्र) गाउँपालिकाको समपुरक कोषबाट बजेट सुनिश्चित गर्ने निर्णय गरियो।

**निर्णय नं. - ५**

हिलिहाङ गाउँपालिका वडा नं. ५ जोरपोखरी स्थित बन्न लागेको नागरिक आरोग्य केन्द्र को सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक रकम रु १०,००,०००/- (अक्षरेपी रु दश लाख) गाउँपालिकाको प्रकोप व्यवस्थापन/कोभिड कोष बाट बजेट सुनिश्चित गरी सो आरोग्य केन्द्रको व्यवस्थापनमा आवश्यक खर्च व्यहोर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालयलाई आवश्यक तपसिलमा उल्लेखित प्राविधिक पद/तह हरुमा स्थायी पदपूर्ति नभएसम्मका लागि यस कार्यालयको स्विकृत दरबन्दी र गाउँपालिकाकको प्राविधिक जनशक्ति करारमा लिने सम्बन्धी कार्यविधि बमोजिम उल्लेखित प्राविधिक सेवाहरु करारमा लिई सेवा प्रवाह गर्न यस कार्यालयको पदपुर्ति समितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

तपसिल:

| सिन | पद/तह | संख्या | कार्यक्षेत्र |
|---|---|---|---|
| १ | कृषि प्राविधिक अधिकृत स्तर छैंटौ | १ जना | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | पशु प्राविधिक अधिकृत स्तर छैंटौ | १ जना | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | अमिन सहायक स्तर चौथो | १ जना | गाउँ कार्यपालिकाको कार्यालय |
| ४ | कार्यालय सहयोगी | १ जना | प्राथमिक स्वास्थ्य केन्द्र गोपेटार |

**निर्णय नं. ७**

क) लैंगिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली २०६७ (दोस्रो संसोधन) २०७६ बमोजिम यस गाउँपालिकामा लैंगिक हिंसा निवारण कोष स्थापना गरी उक्त कोषमा संघीय सरकार/प्रदेश सरकार/गाउँपालिका/विभिन्न संघ संस्था/अन्तराष्ट्रिय संघ संस्था र अन्य कुनै स्रोतबाट प्राप्त रकम नेपाल सरकारबाट मान्यता प्राप्त 'क' वर्गको बैंकमा छुट्टै खाता खोली सञ्चालनमा ल्याइने निर्णय गरियो ।

ख) लैंगिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली २०६७ (दोस्रो संसोधन) २०७६ बमोजिम यस गाउँपालिकामा देहाय अनुसारको एक तत्काल उद्धार तथा राहत समिती गठन गर्ने निर्णय गरियो ।

तपसिल

क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख- सदस्य

ङ) स्वास्थ्य शाखा प्रमुख- सदस्य

च) स्थानीय प्रहरी प्रमुख- सदस्य

छ) लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येबाट सञ्चालक तथा राहत समितीले तोकेको १ जना प्रतिनिधि- सदस्य -

ज) महिला, बालबालिका तथा समाजकल्याण शाखा प्रमुख- सदस्य-सचिव

**निर्णय नं. ८**

क) भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन सम्बन्धमा :-

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ उपदफा १ बमोजिम यस गाउँपालिकामा देहायनुसारको एक भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

१. हिलिहाङ गाउँपालिका अध्यक्ष श्री भूवानी प्रसाद लिङदेन - संयोजक
२. हिलिहाङ गाउँपालिका उपाध्यक्ष श्री सुमित्रा उप्रेती सेढाई - सदस्य
३. हिलिहाङ गाउँपालिकामा राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रमुख श्री - सदस्य

४. कार्यपालिका सदस्यहरु मध्येबाट एक दलित महिला सहित दुई जना महिला - सदस्य

- कार्यपालिका द. म. सदस्य श्री दुर्गामाया परियार
- कार्यपालिका महिला सदस्य श्री माया कन्दङ्वा

५. संयोजकले मनोनयन गरेका भूमि, आवास लगायतका क्षेत्रमा काम गरिरहेका संघ संस्था संगठन वा नागरिक समाजका प्रतिनिधि (कम्तिमा १ महिला सहित २ जना) - सदस्य

- आदर्श भू सेवा केन्द्र अध्यक्ष श्री रेसा रिजाल - सदस्य
- होम प्रसाद यवा हिलिहाङ ६ जोरपोखरी - सदस्य

६. प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

ख) वडास्तरीय भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समितिको गठन सम्बन्धमा :-

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ उपदफा २ बमोजिम प्रत्येक वडाहरुमा देहायनुसारको एक वडास्तरीय भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समितिको गठन गर्ने निर्णय गरियो।

१. सम्बन्धित वडाध्यक्ष - अध्यक्ष

२. सम्बन्धित वडा सदस्यहरु - सदस्य

३. सम्बन्धित वडा अध्यक्षको सिफारिसमा स्थानीय तहको अध्यक्ष/प्रमुखले मनोनयन गरेको भूमि, आवास लगायत क्षेत्रमा काम गरिरहेका संघ संस्था वा नागरिक समाजका कम्तीमा एक महिला सहित दुई जना प्रतिनिधि - सदस्य

| वडा नंबर | भूमि आवासका क्षेत्रमा काम गरिरहेका संघसंस्था वा नागरिक समाजका तर्फबाट एक महिला सहित दुई जना प्रतिनिधि | पद |
|---|---|---|
| १ | विष्णु प्रसाद थापा | सदस्य |
| | हरिमाया दाहाल पौडेल | सदस्य |
| २ | लक्ष्मी श्रेष्ठ | सदस्य |
| | संगिता थापा | सदस्य |
| ३ | प्रल्हाद खरेल | सदस्य |
| | कल्पना राई | सदस्य |
| ४ | रुद्र नारायण भण्डारी | सदस्य |
| | अमृता गिरी | सदस्य |
| ५ | कर्ण बहादुर लावती | सदस्य |
| | फुलमाया शेर्पा | सदस्य |
| ६ | तिलराज लावती | सदस्य |
| | बिमन्ता लिङ्देन | सदस्य |
| ७ | दिलमाया सुवेदी | सदस्य |
| | होम थापा | सदस्य |

४. सम्बन्धित वडा सचिव - सदस्य सचिव

ग) भूमिहिन एवं अव्यवस्थित बसोवासी व्यवस्थापन बजेट सम्बन्धमा :- यस हिलिहाङ गाउँपालिकाले भूमि समस्या समाधान आयोगसँग मिति २०७७।०८।२२ मा भएको समझदारी पत्रमा हस्ताक्षर भएपश्चात गाउँपालिकाले भूमिहिन

दलित भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनका लागी आवश्यक अनुमानित रकम रु १०,००,००० (अक्षरेपी रु दश लाख मात्र) गाउँपालिकाको समपुरक कोष बाट बजेट सुनिश्चित गरी खर्च व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

- ☐ स्तनपान कक्ष निर्माण सम्बन्धमा :- नेपाल सरकार संघिय सशर्त अनुदानबाट गाउँपालिकामा स्तनपान कक्ष निर्माणका लागि आएको रु ३०,०००/- रकम हिलिहाङ गाउँपालिकाको प्राथमिक स्वास्थ्य केन्द्र गोपेटारमा स्तनपान कक्ष निर्माण गर्ने गरी निर्णय गरियो ।
- ☐ औषधी भण्डारण कक्ष निर्माण सम्बन्धमा :- हिलिहाङ गाउँपालिकाको प्राथमिक स्वास्थ्य केन्द्र गोपेटारमा औषधी भण्डारण कक्ष निर्माण गर्न र औषधीहरुलाई सुरक्षित तथा व्यवस्थित रुपमा राख्नका लागि गाउँपालकाको प्रकोप व्यवस्थापन कोष मार्फत अनुमानित रकम रु १०,००,०००/- (अक्षरेपी रु दश लाख मात्र) बजेट सुनिश्चित गरी निर्माण गर्ने निर्णय गरियो ।
- ☐ सल्लेरी आधारभूत स्वास्थ्य केन्द्र सञ्चालन सम्बन्धमा :- हिलिहाङ गाउँपालिकाले आ. व. २०७६/७७ मा स्वास्थ्य मन्त्रालयको सशर्त अनुदान बापतको रकमबाट निर्माण सम्पन्न गरेको सल्लेरी आधारभूत स्वास्थ्य केन्द्र सञ्चालनका लागि आवश्यक तपसिलमा उल्लेखित स्वास्थ्य प्राविधिक जनशक्ति करारमा लिने कार्य कार्यालयको पदपूर्ति समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

  तपसिल:-

| सि न | पद/तह | संख्या | कैफियत |
|---|---|---|---|
| १ | हे.अ. / अ. हे. व | १ जना | सल्लेरी आधारभूत स्वास्थ्य केन्द्र |
| २ | स्टाफ नर्स/अ. न. मी. | १ जना | सल्लेरी आधारभूत स्वास्थ्य केन्द्र |
| ३ | कार्यालय सहयोगी | १ जना | सल्लेरी आधारभूत स्वास्थ्य केन्द्र |

- ☐ अपाङगता रोकथाम कार्यक्रममा DPO गठन सम्बन्धमा :- यस कार्यालयले हिलिहाङ गाउँपालिकामा अपाङगता रोकथाम कार्यक्रम सम्बन्धी DPO गठन का लागि कार्यपालिकाले सिफारिस दिने निर्णय गरियो
- ☐ प्रा. स्वा. के गोपेटारको तालिम हलमा आवश्यक फर्निचर व्यवस्थापन सम्बन्धमा :- प्राथमिक स्वास्थ्य केन्द्र गोपेटारमा रहेको तालिम हलमा आवश्यक फर्निचरको व्यवस्थापनका लागि अनुमानित रकम रु २,५००००/- (अक्षरेपी रु दुई लाख पचास हजार मात्र) आकष्मिक कोषबाट बजेट सुनिश्चित गरी खर्च व्यहोर्ने निर्णय गरियो ।
- ☐ अपाङगता रोकथाम कार्यक्रमको परिचयपत्र वितरणका लागि स्वास्थ्य शिविर सञ्चालन मिति २०७७ माघ तेस्रो हप्तादेखी सुरुवात गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ बमोजिम यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री बिक्रम लिम्बुले देहायनुसार पेश गर्नुभएको आर्थिक वर्ष २०७७/७८ को प्रथम चौमासिक प्रगति विवरण सहित मिति २०७७ पुष १४ सम्मको आय तथा व्ययको विवरण माथी छलफल भई दोस्रो चौमासिक अवधिमा बार्षिक स्विकृत कार्ययोजना बमोजिमका योजनाहरुलाई समयमै कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

| सि.नं. | बजेटको स्रोत/तह | स्रोत | आय अनुमान | सञ्चित कोष | खर्च | | |
|---|---|---|---|---|---|---|---|
| | | | | आम्दानी | चालु | पूँजीगत | जम्मा |
| १ | नेपाल सरकार | समानिकरण अनुदान | ९,८६,००,००० | ४,९३,००,००० | २६,३४,४२८ | ३,००,४४३ | २९,३४,८७१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | नेपाल सरकार | शसर्त अनुदान चालु | १७,३२,००,००० | ५,८५,६७,०३७ | ३,९३,१०,३१३.५० | ० | ३,९३,१०,३१३.५० |
| ३ | नेपाल सरकार => आन्तरिक ऋण | शसर्त अनुदान चालु | ८,००,००० | २,६७,००० | ० | ० | ० |
| ४ | नेपाल सरकार => आई डि ए | शसर्त अनुदान चालु | ८३,००,००० | ३२,५१,१९३ | ५,६०,५६० | ० | ५,६०,५६० |
| ५ | नेपाल सरकार => एस.एस. डि. पि. | शसर्त अनुदान चालु | ४४,००,००० | १४,८१,९४१ | ० | ० | ० |
| ६ | नेपाल सरकार => एस.एस. डि. पि. | शसर्त अनुदान चालु | ६३,००,००० | २१,२०,८१८ | ० | ० | ० |
| ७ | नेपाल सरकार => आन्तरिक ऋण | समपुरक अनुदान चालु | १,३६,००,००० | ० | ० | ० | ० |
| ८ | प्रदेश नंबर १ | समानिकरण अनुदान | ६९,९५,००० | १७,४८,७५० | १६,६४,४०० | ० | १६,६४,४०० |
| ९ | प्रदेश नंबर १ | शसर्त अनुदान चालु | २१,१२,००० | ७,०४,००० | ० | ० | ० |
| १० | प्रदेश नंबर १ | समपुरक अनुदान चालु | १,००,००,००० | ३३,३३,००० | ० | ० | ० |
| ११ | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | ४१,०८,००० | १६,५८,०९१.७१ | ४,०८,१२० | ० | ४,०८,१२० |
| १२ | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | ७,१८,०६,११० | २,०८,४८,२९६.३८ | १,१२,५३,०९३.४८ | १३,०३,९५२ | १,२५,५७,०४५.४८ |
| १३ | आन्तरिक श्रोत | आन्तरिक श्रोत | ७,३८,७८,७१९.४३ | ५,१०,९७,५१०.३३ | २,४५,२४,७८८.४३ | ० | २,४५,२४,७८८.४३ |
| १४ | गाउँपालिका आन्तरीक आय | आन्तरिक श्रोत | | १६१६९८० | | | |
| | | जम्मा | ४७,४०,९९,८२९.४३ | १९५९९४६१७।४२ | ८,०३,५५,७०३.४१ | १६,०४,३९५ | ८,१९,६०,०९८.४१ |

## निर्णय नं. ११

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि आएको सशर्त अनुदान रकम रु २९ लाख ९९ हजार बाँकी रहेको श्रमिक संख्या ५८ जनालाई प्राप्त भएकोले सोही बमोजिम तपसिलमा उल्लेखित साझेदारी/प्रस्तावित का आयोजनाहरुमा श्रमिक संख्या निर्धारण गरी बजेट बाँडफाँड गर्ने निर्णय गरियो।

| क्र.स. | योजनाको नाम | वडा नं. | गा पा को तर्फबाट साझेदारी रकम | श्रमिक संख्या | प्र.रो.का. बाट प्राप्त बजेट बाट श्रमिकले पाउने रकम |
|---|---|---|---|---|---|
| १ | सिटेडाडा हिलिहाङ मो.बा. स्तरवृद्धि | १ | | ५ जना | २५८५०० |
| २ | अमरज्योति आहाले माल्वासे मो.वा.स्तर वृद्धि | १ | ३००००० | ३ जना | १५५१०० |
| ३ | अधेरी खोल्सा डवली मो.बा.नाली निर्माण तथा सोलिङ | २ | २००००० | ८ जना | ४१३६०० |
| ४ | देउराली साम्रे मो.बा.ग्रावेल | ३ | २००००० | ८ जना | ४१३६०० |
| ५ | हिलिहाङ पञ्चमी नक्कले मो.बा.मर्मत तथा ग्राभेलिङ योजना | ४ | ५२००००। | ८ जना | ४१३६०० |
| ६ | खत्रीचोक थरीचोक मो.बा. सोलिङ तथा नाली निर्माण | ५ | | ९ जना | ४६५३०० |
| ७ | जोरपोखरी किवा मो.बा.नालि निर्माण | ६ | १००००० | ४ जना | २०६८०० |
| ८ | मालवासे पिङडाडाँ मो.बा. नालि निर्माण | ६ | १००००० | ४ जना | २०६८०० |
| ९ | सुभाङ ढाँडगाउँ सियाखोला खा.पा.यो. ६३ एम.एम.पाइप तथा गेटभल्भ खरिद र लाइन खन्नुपर्ने कार्यक्रम | ७ | २०००००। | ९ जना | ४६५३०० |
| | जम्मा | | | | २९९८६०० |

**निर्णय नं. १२**

नेपाल सरकारको संघिय सशर्त अनुदानको रुपमा आएको राष्ट्रिय ग्रामिण तथा नविकरणीय उर्जा कार्यक्रमको लागि हस्तान्तरित रकम रु ८ लाख लाई देहायनुसार कार्यान्वयन गर्ने गरी निर्णय गरियो ।

| कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | विनियोजित बजेट रु | कैफियत |
|---|---|---|---|
| बायोग्यॉस जडान | २६३३२ | २००००० | बायोग्यॉस जडानका लागि जनही रु २८५७१ का दरले अनुदान वितरण गरी सबै वडाहरुमा १/१ जनालाई अनुदान प्रदान गर्ने निर्णय गरियो । |
| सुधारिएको चुलो (बायोमास) प्रविधि जडान | २६३३२ | २००००० | सुधारिएको चुलो प्रविधि जडानका लागी जनही रु २००० का दरले १०० जनालाई अनुदान रकम प्रदान गर्ने निर्णय गरियो । जसमध्ये २ र ७ नं. वडालाई १५/१५ र बाँकी वडाहरुलाई १४/१४ अनुदान संख्या वितरण गर्ने निर्णय गरियो । |
| नीतिगत प्रशासनिक तथा व्यवस्थापन खर्च | २६३३२ | १००००० | |
| सौर्य उर्जा प्रविधि जडान | २६३३२ | ३००००० | गाउँ कार्यपालिकाको कार्यालयमा |
| | जम्मा | ८००००० | |

**निर्णय नं. १३**

हिलिहाङ गाउँपालिका वडा नं. ४ स्थित श्री सिद्व माध्यमिक विधालयको पूर्व गेटछेउको ६ कोठे जीर्ण भवन र वडा नं. ५ स्थित भाग्योदय आधारभूत विधालयको ५ कोठे जीर्ण भवनको L आकारको छोटो भाग अति नै जीर्ण र जोखिमपूर्ण अवस्थामा रहेको भनि विधालय व्यवस्थापन समितिको निर्णय सहित अनुमति माग भई आएकोले उल्लेखित भवनहरु भत्काउन सम्बन्धित विधालय/वि व्य स हरुलाई उनिहरुकै खर्चमा भत्काउने अनुमति प्रदान गर्ने साथै जीर्ण भवन भत्काउँदा निस्केका उपयोगी काठपात तथा निर्माण सामाग्रीहरु नियमानुसार लिलाम बिक्री गरी विधालयले आम्दानी बाँधेको जानकारी गाउँपालिकालाई दिनुपर्ने  निर्णय गरियो ।

**निर्णय नं. १४**

क) हिलिहाङ वडा न १ बस्ने कालिदास कामीको छोरा प्रविन कालिकोटे दुर्घटनामा परी मृत्यू भएकोमा निजको आर्थिक अवस्था कमजोर भएकोले रु ३०००० (अक्षरेपी रु तीस हजार) पोष्टमार्टम तथा काजक्रिया खर्च आकस्मीक कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

ख) हिलिहाङ गाउँपालिका वडा न २ स्थित श्री कावेली आधारभूत विध्यालयको शौचालय जिर्ण रहि प्रयोगविहिन र जोखिमपूर्ण रहेको हुँदा मर्मत सम्भार गर्न रु १००००० (रु एक लाख मात्र) अमानत विधि अनुसार आकस्मिक कोषबाट खर्च गर्ने गरी कार्य अघि बढाउने निर्णय गरियो ।